# <u>युवा तथा खेलकुद मन्त्रालयको प्रेस विज्ञप्ती</u>

सन् २०१९ मार्चमा नेपालमा आयोजना हुने १३औं दक्षिण एशियाली खेलकुद प्रतियोगिता (SAG) काठमाडौं र पोखराका विभिन्न खेलमैदानमा आयोजना गर्ने गरी युवा तथा खेलकुद मन्त्रालयले खेल पूर्वाधार निर्माणको कार्य राष्ट्रिय खेलकुद परिषदमार्फत् अगाडि बढाइरहेको छ ।SAG को आयोजनाका लागि खेलको तयारीका साथै खेलमैदान निर्माण तथा स्तरोन्नतिको कार्य तीव्र गतिमा सम्पन्न गर्नपर्ने भएको हुँदा माननीय युवा तथा खेलकुद मन्त्री जगत बिश्वकर्माज्यू स्वयं पूर्वाधार निर्माण तथा तयारी कार्यको निरीक्षण अनुगमनमा सक्रिय रूपमा लाग्नु भएको छ। यसै क्रममा आज २०७५ वैशाख ३१ गते माननीय मन्त्रीज्यू, मन्त्रालयका सचिव श्री मोहनकृष्ण सापकोटा र सहसचिव श्री अणप्रसाद न्यौपानेसहितको टोलीबाट ललितपुरमा रहेका च्यासल खेलमैदान र सातदोबाटो स्थित खेलपरिसरमा पौडीपोखरीलगायतका पूर्वाधार विकास निर्माण कार्यको आकस्मिक निरीक्षण अवलोकन गरी निर्माण कार्यको प्रगतिको जानकारी लिने कार्य भयो । निरीक्षण अवलोकन पश्चात माननीय मन्त्रीज्यूले राष्ट्रिय खेलकुद परिषद्का सदस्यसचिव र स्विमिङ संघका पदाधिकारीहरूसँग छलफल गरी SAG को आयोजना राष्ट्रको प्रतिष्ठासँग जोडिएको हुँदा सोही अनुसार खेल पूर्वाधार निर्माणको कार्य निर्धारित समयमा सम्पन्न गर्ने गरी कार्य गर्न निर्देशन दिनुभयो।

महेन्द्र पौड्याल

सह–प्रवक्ता
युवा तथा खेलकुद मन्त्रालय
मितिः २०७५ वैशाख ३१